नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान
(Nepal Mountain Academy)

www.man.gov.np
Email: parbatiya@gmail.com
फ्याक्स नं. :- ५१५१७५७
फोन नं. :- ५१५१९१५, ५१५१९०४
अडियो नोटिस बोर्ड : १६१८०१५१५१९१५

चापागाउँ रोड, सातदोबाटो
ललितपुर, नेपाल ।

पत्र संख्या :- ०७३/७४
च.नं :-

## प्रेस विज्ञप्ति

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले (नेपाल माउन्टेन एकेडेमी) पर्वतीय पर्यटन सम्बन्धी अन्तराष्ट्रिय स्तरको शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य अनुरुप संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत मिति २०७१/०८/२१ मा त्रिभुवन विश्वविद्यालयमा स्नातक तहमा Bachelor of Mountaineering Studies (BMS) कार्यक्रम सञ्चालनको सम्बन्धनका लागि पेश गरिएकोमा त्रि.वि.को मिति २०७३/१०/२५ को सम्बन्धन स्वीकृत पत्र बमोजिम सम्बन्धन स्वीकृति प्राप्त भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

स्वीकृत पाठ्यक्रम चार वर्षे कार्यक्रम हो । जहाँ आठ सेमेस्टर हुनेछन् । हरेक सेमेष्टरमा प्राक्टिकल विषयहरुलाई समावेश गरिएको छ । फाउण्डेशन कोर्ष, मेनेजमेन्ट कोर कोर्ष, माउन्टेनियरिङ्ग एण्ड टुरिजम कोर कोर्ष, इलेक्टिभ र शोधपत्र (थेसिस) विषयवस्तुहरुलाई वर्गिकरण गरिएको छ । प्राक्टिकल अध्ययनका क्रममा विद्यार्थीले सातौं र आठौं सेमेष्टरमा क्रमशः ६ हजार र ७ हजार मिटरको पिक आरोहण गर्नु पर्नेछ ।

यस प्रतिष्ठानले सैद्धान्तिक विषयहरुको अध्यापन काठमाडौंमा र प्राक्टिकल विषयहरु मध्ये केही पर्वतीय प्रशिक्षण केन्द्र, गार्मा, सोलुखुम्बु र विभिन्न हिमालहरुमा अध्यापन गराउने गरी व्यवस्था मिलाईएको छ ।

विश्वमै पहिलोपल्ट पर्वतीय पर्यटनको प्राक्टिकल सहितको शैक्षिक कार्यक्रम नेपालबाट सुरु गर्न पाउनु सुखद् पक्ष हो । नेपाललाई शैक्षिक गन्तव्यका रुपमा समेत अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन स्वीकृत शैक्षिक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने हामीले विश्वास लिएका छौं । स्नातकसँगै स्नातकोत्तर तहको Masters of Adventure Tourism Studies (MATS) शैक्षिक कार्यक्रम स्वीकृतिका लागि त्रि.वि.मा पेश भइसकेको छ ।

पर्यटनविद् प्राध्यापक डाक्टर रमेशराज कुँवरको प्राज्ञिक संयोजकत्वमा विभिन्न विषय विज्ञहरुबाट स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरिएको थियो ।

अतः सम्बन्धनका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सबै विध्दान तथा सहयोगीहरु प्रति नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दै आगामी शैक्षिक सत्रबाट कलेज सञ्चालनका लागि सबैको सहयोगको अपेक्षा गर्दछ ।

मिति : २०७३/११/०६

लाक्पा फुटी शेर्पा
कार्यकारी निर्देशक तथा क्याम्पस प्रमुख